फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउं, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं:०८२/८३
च.नं: ९९८

मिति : २०८२।१०।२६

**विषय : रकम जम्मा गर्न पुन: ताकेता गरिएको सम्बन्धमा ।**

श्री डोल्पो कन्स्ट्रक्सन,
बौद्ध, काठमाडौं ।

उपरोक्त विषयका सम्बन्धमा यस कार्यालयद्धारा आ.व. ०८२।८३ मा ढुंगा गिटी बालुवा लगायतको नदीजन्य पदार्थको उत्खनन संकलन तथा निकासी शुल्क संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्न मिति २०८२।०६।२९ मा दरभाउ माग गरी प्रथम पटक १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा आय ठेक्का नं ०१।०८२।८३ (श्रीकांग छेस्लांग कालीगण्डकी बगर फ.न.पा. ११) को लागि तपाईले पेश गरेको रु २५,५०,००० को दरभाउ स्वीकृत भई मिति २०८२।०७।२४ मा यस नगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको, र मिति २०८२।०७।२६, च.नं.४९८ को पत्र प्राप्त मितिले ७ दिनभित्र सम्झौताको लागि उपस्थित हुने सम्बन्धी पत्र पठाइएकोमा सम्झौताको लागि सम्पर्कमा नआएकोले तथा तपाईले विड सुरक्षा वापत पेश गरेको धरौटी रकम जफत गरी नियमानुसारको कारबाही प्रक्रिया अगाडि बढाईने व्यहोराको सूचना नगरपालिकाको वेब साइट र मिति २०८२।०९।१६ गतेको कालीगण्डकी दैनिक पत्रीका प्रकाशन गरिएको तर उक्त समयमा समेत उपस्थित नभएकोले तपाईले पेश गरेको धरौटी रकम रु १,५०,००० जफत गरिसकिएको तर अझैपनि सरकारी राजस्वमा पुन ठेक्का बन्दोबस्त गर्दा र तपाईले कवोल गरेको रकम वीचको असुली हुन बांकी रु ८,४९,०००, तपाईले कवोल गरेको रकमको संघीय राजस्वमा जम्मा हुने मु.अ.करको रु ३,३१,५०० र पुन: ठेक्का प्रक्रियाको सूचना प्रकाशन खर्च वापतको रु ३१,७७२।५० गरी कुल नोक्सानी भएको रकम रु १२,१२,७७२।५० जम्मा गर्न मिति २०८२।१०।०९, च.नं ९२९ को पत्रबाट जानकारी गराइएको र उक्त पत्रको अवधिभित्र समेत तपाईले उल्लिखित रकम जम्मा नगर्नुभएकोले पुन: उल्लिखित रकम जम्मा गर्न ताकेता गरी यो १५ दिने पत्र पठाइएको व्यहोरा अनुरोध छ । पुनश्च: उल्लिखित रकम जम्मा नभएमा यस कार्यालयद्धारा तपाई को फर्मलाई सरकारी बांकी सरह असुल उपर गर्ने लगत कायम गर्ने र उल्लिखित रकम असुली को लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएको व्यहोरा समेत अनुरोध छ ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner